**<u>सातौ नगरसभाको बैठकका निर्णयहरु</u>**

१. सभामा पेश हुन आएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गर्ने निर्णय गरीयो ।

२. सभामा पेश हुन आएको आर्थिक वर्ष २०८२/०८३ को आय व्यय (बजेट) सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

३. सभामा पेश हुन आएको आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रम सर्वसम्मतले पारित गर्ने निर्णय गरीयो ।

४. सभामा पेश हुन आएको विनियोजन विधेयक, २०८२ सर्वसम्मतले पारित गर्ने निर्णय गरीयो ।

५. सभामा पेश हुन आएको आर्थिक विधेयक, २०८२ सर्वसम्मतले पारित गर्ने निर्णय गरीयो ।

६. सभामा पेश हुन आएको सहरी योजना तथा भवन निर्माण विधेयक, २०८२ दफाबार छलफल सहित सर्वसम्मतले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरीयो ।

७. सभामा पेश हुन आएको नियमित तथा अभिलेखिकरण विधेयक, २०८२ दफाबार छलफल सहित सर्वसम्मतले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरीयो ।

८. सभामा पेश भएको बिष्णुदेबी अस्पतालको नामाकरण "कीर्तिपर विष्णुदेवी नगर अस्पताल" कायम गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय गरीयो ।

९. मिति २०८१ श्रावण १ गते देखि हालसम्म नगर प्रमुख, कार्यवाहक नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट तथा वडा अध्यक्षबाट भएका सम्पूर्ण आदेश तथा निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मतले पारित गरीयो ।

१०. २०८१ श्रावण १ गते देखि हालसम्म भुक्तानी भएका सबै योजना तथा कार्यक्रमहरुको अनुमोदन र फरफारक गर्ने प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय गरीयो ।

११. सभामा पेश भएको आर्थिक वर्ष २०८१/८२ को न्यायिक समितिको प्रतिबेदन अनुमोदन गर्ने निर्णय गरियो ।

१२. सभामा पेश भएको मिति २०८१ श्रावण १ गते देखि हालसम्म सम्पन्न भएको योजना अनुगमन प्रतिबेदन अनुमोदन गर्ने निर्णय गरियो ।

१३. सभामा पेश भएको यस नगरपालिका वा अन्तरगतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको निरन्तरताका दिन आ.व. २०८२/२०८३ को असार मसान्त सम्म म्याद थपको प्रस्ताव सर्वसम्मतले पारित गर्ने निर्णय गरीयो

१४. उपभोक्ता समितिबाट संचालन हुने योजना तथा कार्यक्रमको बजेट सीमा (सिलिङ) उपभोक्ता समितिको लागत सहभागिता बाहेक रु. ५०,००,०००।- (अक्षेरुपी पचास लाख मात्र) निर्धारण गरी स्वीकृतीका लागि कार्यपालिका मार्फत सभामा पेश भएकोमा पेश भए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

१५. यस नगरपालिका क्षेत्रभित्रका स्थानीय दाफा खःल, बाजा खःल को सँस्था दर्ता/नविकरण दस्तुर/कर छुट गरि निःशुल्क दर्ता/नविकरण गर्न कार्यपालिका मार्फत सभामा पेश भए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

१६. कार्यपालिका मार्फत सभामा पेश भएको, कीर्तिपुर नगरपालिकाको आवधिक योजना तथा मध्यकालिन खर्च संरचनाको प्रतिबेदन दफाबार छलफल सहित स्वीकृत गर्ने निर्णय गरियो ।

१७. संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान, विशेष अनुदान र सशर्त अनुदान र संसद विकास क्षत्रे विकास कोषबाट सञ्चालन हुने तपशिल बमोजिका योजनाहरूको म्याद बढीमा २०८२ मंसिर मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

१८. नगरपालिकामा नेपाल सरकारका बिभिन्न कार्यक्रम अन्तरगत तपशिल बमोजिमका कर्मचारी कार्यरत रहेकोमा आगामी आर्थिक वर्ष २०८२/२०८३ मा बजेट तथा कार्यक्रम प्राप्त नभएकोले नगरपालिकाको आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोर्ने गरी आगामी आर्थिक वर्ष २०८२/२०८३ सम्मका लागि म्याद थप गर्ने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | नाम/थर | पद | कार्यक्रम |
|---|---|---|---|
| १ | श्री अमृत महर्जन | प्राविधिक सहायक | प्रधानमन्त्री रोजगार कार्यक्रम |

| | | | |
|---|---|---|---|
| २ | श्री सिम्रन श्रेष्ठ | रोजगार सहायक | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ३ | श्री विकास महर्जन | कृषि स्नातक | एक पालिका एक कृषि स्नातक |
| ४ | श्री विविता महर्जन | क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक | क्षयरोग मुक्त अभियान |

१९. नगरपालिकाबाट करार सेवामा नियुक्ति भई कार्यरत सामुदायिक विद्यालयका नेपाल भाषाका शिक्षिकाहरूलाई मासिक रुपमा प्रदान गर्दै आएको पारिश्रमिकमा मासिक रु. २०००।–(अक्षेरुपी दुई हजार मात्र) दरले थप गर्ने निर्णय गरियो ।

२०. नगरपालिकाबाट करार सेवामा नियुक्ति भई कार्यरत तपशिल बमोजिमका सरसफाईकर्मी कर्मचारीलाई आगामी आर्थिक बर्ष २०८२/२०८३ देखि नेपाल सरकारले सम्बन्धित आर्थिक बर्षका लागि निर्धारण गरेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउने निर्णय गरीयो ।

<u>तपशिल</u>

| क्र.सं. | कर्मचारी नाम थर |
|---|---|
| १ | श्री निकिता महर्जन |
| २ | श्री दिलमाया नेपाली |
| ३ | श्री रीता धिमाल (कुस्ले) |
| ४ | श्री रुपा पुजारी पोडे |
| ५ | श्री बिना गुभाजु शाक्य |
| ६ | श्री राजु पोडे (देउला) |

२१. आगामी आ.व. २०८२/०८३ मा नगरपालिकाका स्थायी कर्मचारीहरुको तलब, भत्ता सुविधा नेपाल सरकारले तोकेको दर र स्केल बमोजिम उपलब्ध गराउने गरी पेश भएको तलबी प्रतिवेदन स्वीकृत गर्ने

र चालु आ.व. २०८१/०८२ मा भुक्तानी भएको तलब, भत्ता सुविधा सहितको तलबी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

२२. चालु आ.व. २०८१/०८२ मा नगर प्रमुखबाट हालसम्म भएका रकमान्तर तथा शिर्षकान्तरलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२३. हाल PLGSP कार्यक्रम अन्तर्गत विगत देखि यस नगरकार्यपालिका कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृतलाई आगामी आ.व. २०८२/०८३ का लागि नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने आर्थिक दायित्व समेत व्यहोर्ने गरी करार सेवाको निरन्तरता दिने निर्णय गरियो।

२४. यस नगरपालिकामा सम्पूर्ण कानुनी बाधा अड्चन फुकाउनका लागि र न्यायिक समितिको कामकारवाहीमा सहकार्य गर्न, नगरपालिकाको तर्फवाट मुद्दा मामिलामा कानुनी व्यवसायीका रुपमा प्रतिनिधित्व गरि निवेदन, फिराद र प्रत्युत्तर पेश गरि बहस पैरवी गर्न तथा नगरपालिकाद्वारा निर्माण गरिने ऐन, कानुन, निर्देशिका एवं कार्यविधिहरु उपर आफ्नो कानुनी राय तथा सल्लाह दिन कानुनी सल्लाहकारको सेवा करारलाई निरन्तरता दिने निर्णय गरियो।

२५. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोग तथा समन्वयमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजना सञ्चालन निरन्तरता दिने र सो कार्क्रम अन्तरगत कार्यरत कर्मचारीहरुका लागि नगरपालिकाले व्यहोर्नु पर्ने आर्थिक दायित्व समेत व्यहोर्ने निर्णय गरियो।

२६. आ.व. २०८२/०८३ मा स्वास्थ्य स्वयम सेवीकाहरुलाई प्रोत्साहन स्वरुप खाजा तथा परिवहन खर्च वापत मासिक रु.१०००।- (अक्षरुपी एक हजार मात्र) थप गरी प्रति व्यक्ति मासिक रु ३०००। (तीन हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२७. घर घरमा स्थानीय सरकार कार्यक्रम अन्तरगत जन्म उपहार कार्यक्रमलाई प्रति व्यक्ति रु.३०००।- (अक्षरुपी तीन हजार मात्र) र मृत्यु संस्कार कार्यक्रमलाई प्रति व्यक्ति रु.१०,०००।- (अक्षरुपी दश हजार मात्र) कायम गरी कार्यक्रमलाई निरन्तरता दिने तर उक्त रकम चालु आ.व. को असार मसान्त भित्र लिईसक्नु पर्नेछ। साथै यस कार्यक्रम मार्फत जन्म र मृत्युको हकमा वडा कार्यालयमार्फत घर दैलोमा नै घटना दर्ता गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

२८. यस नगरकार्यपालिका कार्यालयको केन्द्र र वडा कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुले साविक देखि नै मासिक रुपमा १० प्रतिशत प्रोत्साहन सुविधा उपलब्ध गराउदै आएकोमा आगामी आ.व. २०८२/०८३ मा सो सुविधा नगर कार्यपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत दरबन्दी संरचना भित्रका कर्मचारी र स्वास्थ्य तर्फका कर्मचारीहलाई उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने  निर्णय गरियो ।

२९. कीर्तिपुर नगरपालिकामा रहेका कानून शाखा तथा न्यायिक समितिवाट प्रदान गरिने सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी वनाउन कानून शाखा तथा न्यायिक समिति प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

३०. कीर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको लगत अद्यावधिक गरी त्यसको संरक्षण गर्न सार्वजनिक जग्गा संरक्षण कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

३१. नगरपालिकाको नक्सा पास प्रकृयालाई थप सहज, सरल र प्रभावकारी बनाउनका लागि विद्युतिय भवन निर्माण ईजाजत प्रणाली सहित नक्सा पास सुधार कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो।

३२. यस कीर्तिपुर नगरपालिकामा राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउनका लागि घरदैलो राजश्व संकलन कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

३३. यस कीर्तिपुर नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाल सरकारले तोकेका गम्भीर प्रकृतिका रोग लागेका विपन्न वर्गका व्यक्तिहरुलाई निवेदन, सम्बन्धित वडाको सिफारिस र अस्पतालका कागज प्रमाणका आधारमा वढीमा एकपटकका लागि रु.२५,०००/- (अक्षरुपी पच्चीस हजार मात्र) सम्म अन्य सामाजिक सहायता शिर्षकबाट आर्थिक सहायता प्रदान  गर्ने निर्णय गरियो।

३४. नगरपालिकामा सामाजिक परिचालकको रुपमा कार्यरत १९ जना परिचालकहरु हाल जुनसुकै कार्यक्रम अन्तरगत रहेको भएता पनि निजहरुलाई साविक बमोजिम "सहायक स्तर चौथो तह" सरहको नेपाल सरकारले तोकेको शुरु तलब स्केल, पोषाक भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

३५. नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखका सवारी चालकहरुलाई दैनिक रु. २०० (दुई सय) का दरले बढिमा मासिक रु. ६,०००/- (छ हजार मात्र) आगामी आ.व. २०८२/०८३ मा उपलब्ध गराउने निर्णय गरियो।

३६. चालु आ.व. ०८१/०८२  र गत बिगतमा वडा र नगरस्तरबाट बजेट विनियोजनको निर्णय भई योजना सञ्चालनका लागि सम्झौता पश्चात सञ्चालनको प्रकृयामा रहि सम्पन्न हुन बाँकी योजना तथा कार्यक्रमलाई सोहि योजना तथा कार्यक्रमहरुमा विनियोजित रकमबाट ठेक्का, उपभोक्ता समिति तथा विभिन्न संघ संस्था /समूहसँग संझौता भएको रकम मध्ये भुक्तानी हुन बाँकी रकम सहित अ.ल्या. गरी एकपटकका लागि मात्र आगामी आ.व.मा क्रमागत रुपमा निरन्तरता दिने निर्णय गरियो।

३७. सभावाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम संचालनका लागि आवश्यक पर्ने खर्चको मापदण्ड तथा नर्म्स स्वीकृत गरी कार्यान्वयन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

३८. नगरपालिकाबाट तोकिए बमोजिम स्थापना भएका र पछि स्थापना हुने कोषहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न कार्यविधि तथा मापदण्ड समेत बनाई कोषहरुको व्यवस्थापन तथा संचालन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

३९. यस नगरक्षेत्रमा वसोवास गर्ने व्यक्तिहरुको २०७२ सालको भूकम्प भन्दा पहिला घर/संरचना भत्किई घरपाताल भएको तर सम्वन्धित वडाबाट सर्जमिन मुचुल्का सहित घरपातालको सिफारिस भएर आइ नसकेको अवस्थामा सम्पत्ति कर तिर्ने प्रयोजनका लागि सम्बन्धित वडाले सर्जमिन मुचुल्का सहित सिफारिस गरेको आधारमा सर्जमिन मुचुल्का र सिफारिसमा उल्लेखित घरपाताल भएको मितिलाई नै आधार मानी सम्पत्ति कर असूल गर्ने कार्यलाइ निरन्तरता दिने निर्णय गरियो।

४०. यस नगरपालिकाको आ.व. २०८०/०८१ को महालेखा परिक्षकको कार्यालयवाट भएको अन्तिम लेखा परिक्षण प्रतिवेदनमा औल्याईएका अनियमित तर्फको वेरुजु रकम रु ५३,५८,९२४।-  (त्रिपन्न लाख उनान्असी हजार दुई सय चार मात्र)  अनुमोदनका लागि सभामा पेश हुन आएकाले पेश उक्त वेरुजुमाथि दफावार छलफल सहित नियमित गरी सम्परीक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा पठाउने निर्णय गरियो।

४१. आर्थिक वर्ष २०८१/२०८२ मा आएको अविरल वर्षाका कारण नगरबासीले खेप्नु परेको विपद्को पीडालाइ विपद् व्यवस्थापन गर्ने क्रममा विपद् व्यवस्थापन कोषबाट बिभिन्न मितिमा निर्णय भई खर्च हुन गएको सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय गरीयो ।

४२. यस नगरपालिका र आर.एण्ड आर. भालेश्वर ट्रेडर्स वीच भएको कवाडी कर/ निकासी कर संकलनका लागी आय ठेक्का सम्वन्धी सम्झौता आ.व. २०८२।०८३ का लागि नविकरण गर्ने निर्णय गरियो ।

४३. यस नगरपालिका क्षेत्रभित्र संचालन गरी सम्पन्न भई भुक्तानी हुन नसकेका योजनाहरुको फरफारकका लागि नगरकार्यपालिकाको ५०औं बैठकको निर्णयानुसार नियुक्त हुने परमर्शदाताको प्रतिबेदन,कानूनी राय, प्राविधिकको स्थलगत कार्य सम्पन्न प्रतिवेदन, अनुगमन समितिको प्रतिवेदन, वडा समितिको सिफारिस, स्थलगत मुचुल्का र प्राविधिकबाट पेश हुन आएको प्रमाणित नापी किताबका आधारमा फरफारक गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

क)

४४. यस कीर्तिपुर नगरपालिकाको सातौं नगर सभा सम्पन्न गर्ने चरणसम्म सहयोग, समन्वय र रचनात्मक सल्लाह सुझाव दिनुहुने विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधीज्यूहरु, पत्रकार, बुद्धिजिवी, समाजसेवी, संघसंस्था तथा अन्य महानुभावलाई विशेष आभार व्यक्त गर्दै नगर सभा सम्पन्न गर्न जुनसुकै समयमा पनि कार्यमा खट्ने नगर कार्यपालिका र वडातहसम्मका सम्पूर्ण कर्मचारीहरु, स्वयमसेवी लगायत आम नगरवासीमा धन्यवाद दिने निर्णय गरियो।